# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

☎:{ 067 – 411101
067 – 411102

✉ :info@paiyunmun.gov.np

🌐: www.paiyunmun.gov.np

गण्डकी प्रदेश, नेपाल।


पैयूँ गाउँपालिका
कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मितिः २०८१/११/१९)*

पैयूँ गाउँपालिकाको निर्णयअनुसार पैयूँ आधारभूत अस्पताल, हुवास, पर्वतमा फार्मेसी सञ्चालन तथा व्यवस्थापनका लागि यस गाउँपालिकाको कार्यालयमा फार्मेसी सहायक पदमा खुल्ला प्रतिष्पर्धाबाट करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५(पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेवसाइट www.paiyunmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

| क.स | विज्ञापन नं | पद | तह | पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०६/२०८१/८२ | फार्मेसी सहायक | सहायक(पाँचौ) | १ | ७००।- |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएको व्यक्तिको हकमा ४० बर्ष ननाघेको ।

२. **दरखास्त दिने अन्तिम मितिः** २०८१/१२/०४ गते कार्यालय समय सम्म

३. **छनौटको किसिमः** पैयूँ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७५ अनुसार (सक्षिप्त सूची प्रकाशन, लिखित र अन्तर्वार्ता)

४. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि र न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र

ख) नेपाल बाहेक अन्य मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षताको कागजात

ग) २ प्रति पासपोर्ट साइजको फोटो

५. **सेवा सुविधाः** नेपाल सरकारले स्थानीय तहको पाँचौ तहका कर्मचारीका लागि तोकेको तलब सुविधा उपलब्ध हुनेछ।

६. ईमेलबाट आवेदन दिन चाहने आवेदकहरुले यस कार्यालयको कृषि विकास बैङ्क, हुवास, पर्वतमा रहेको आन्तरिक राजश्व खाता नं **०३१८५०१५०८४०१०७६** मा अनुसुची २४ फारम (राजश्व शीर्षक नं. १४२२४) भरी आवेदन दस्तुर जम्मा गरी सो भौचर, आवश्यक कागजातको स्क्यान प्रतिलिपि समेत संलग्न गरी कार्यालयको ईमेल ठेगाना info@paiyunmun.gov.np मा पठाउन सकिनेछ।

७. **थप जानकारीको लागिः**,९८४६६२७२७६,९८५७६३०५१४ मा सम्पर्क गर्न सक्नुहुनेछ।

जिवन गैरे
प्रमुख प्रशासकीय अधिकृत